म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १४१ आइतबार १५ पुस २०८० ने. सं. ११४४ थिल्लागा 31 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**जाडो मौसममा हुने सवारी दुर्घटनाको जोखिमबाट बचौं ।**

- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको नि:शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हेटौंडा बैठकको निर्णयसहित मुख्यमन्त्रीले भेटे प्रधानमन्त्री

साझाकुरा संवाददाता



हेटौंडा, १४ पुस/संघीय सरकारविरुद्ध संवैधानिक अधिकारको संघर्षमा रहेका सात प्रदेशका मुख्यमन्त्रीहरुले हेटौंडा बैठकको निर्णय बोकेर शनिवार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेका छन् ।

संघीयता कार्यान्वयन गराउन मुख्यमन्त्रीहरुले प्रधानमन्त्री प्रचण्डको ध्यानाकर्षण गराए । शुक्रबार हेटौंडामा बसेको अन्तर प्रदेश मुख्यमन्त्री बैठकले गरेको निर्णयअनुसार शनिवार बिहान बालुवाटारमा प्रधानमन्त्री प्रचण्डलाई भेटेर ध्यानाकर्षण गराएको बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले जानकारी दिए । 'घीयता कार्यान्यन र सविधान बमोजिम प्रदेश सरकारलाई अधिकार दिन प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको जम्कट्टेलले बताए ।

शुक्रबारको बैठकबाट संघीय सरकारलाई ९ बुँदामा अधिकार माग गरिएको थियो । मुख्यमन्त्रीहरुले गत १६ असारमा गण्डकी प्रदेशको पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठकबाट नेपालको संविधानको कार्यान्वयन प्रभावकारिता र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण तथा नागरिकमा प्रवाह हुने सेवा एवम् विकासमा शीघ्रता एवम् प्रभावकारिता ल्याउन महत्वपूर्ण निर्णयहरु भएको सुनाउँदै तहगत अधिकारको कार्यविस्तृतीकरण परिमार्जन गर्ने निर्णय गरेको थियो ।

तीनै तहबाट प्रदान गरिने अनुदानको दोहोरोपना हटाउने, एउटै प्रकृतिको कामका लागि स्थापना भएका अलग अलग संरचना हटाउने, तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउने एवम् तादाम्यता कायम गर्ने, साझा सूचीमा रहेका अधिकारसम्बन्धी कानुन निर्माणमा सहकार्य गर्ने, जनशक्ति व्यवस्थापन र सेवाप्रवाह, राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणाली विकास गर्ने एवम् जग्गा प्राप्तिमा सहजता कायम गर्नेलगायत विषयमा भएका निर्णयको कार्यान्वयन छ महिनासम्म पनि उत्साहजनक नदेखिएको भन्दै बैठकका निर्णय शीघ्र कार्यान्वयन गराउन अनुरोध गर्ने मुख्यमन्त्रीहरुको निर्णय थियो ।

मुख्यमन्त्रीहरुले मुख्यत: प्रहरी समायोजन, संघीय निजामती सेवा ऐन जारी गर्ने, प्रदेशले प्रयोग गरिरहेका सरकारी भवन तथा जग्गाको स्वामित्व हस्तान्तरण गर्ने, साझा अधिकारका विषयका कानुन निर्माणमा सहकार्य गर्ने, राष्ट्रिय वनलगायत प्राकृतिकस्रोतको उपयोग एवम् राजस्व बाँडफाँड, वित्तीय हस्तान्तरण, सबारीचालक अनुमतीपत्र र सवारीसाधन कर/शुल्क सम्बन्धी सफ्टवेयर प्रणाली प्रदेशबाट नै सञ्चालन गर्ने, ट्राफिक नियम उल्लघंन जरिवाना बापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था गर्ने, आयोजना वर्गीकरण र व्यवस्थापन लगायत विषयको शीघ्र कार्यान्वयन हुनुपर्नेमा जोड दिएका थिए ।

**प्रधानमन्त्रीको प्रतिबद्धता: "संघीयता कार्यान्वयनमा गम्भीर छु"**

मुख्यमन्त्रीहरुसँगको भेटमा प्रधानमन्त्री प्रचण्डले संघीयताको प्रभावकारी कार्यान्वयनका लागि अत्यावश्यक संघीय कानुन निर्माणका निम्ति आफू गम्भीर रहेको बताएका छन् ।

प्रधानमन्त्री प्रचण्डले संघीयताको परिकल्पनाकार र संविधान निर्माणको समेत अगुवा हुनुको नाताले आफ्नो ध्यान संघीयताको कार्यान्वयनमा केन्द्रित भएको बताए । 'तपाईंहरु सबै जानकार नै हुनुहुन्छ, मैले नै संघीय गणतन्त्रको परिकल्पना गरी त्यसका निम्ति संघर्ष गरेको थिएँ, त्यसलाई संविधानमा लिपिबद्ध गर्नसमेत भूमिका खेलेको छु, नेतृत्व लिएको छु, त्यसैले संघीयता कार्यान्वयन मेरो सबैभन्दा ठूलो चासो र प्राथमिकताको विषय हो । यसको प्रभावकारी कार्यान्वयनमा म गम्भीर र संवेदनशील छु ।',

उनले संघीय संसद्मा सहभागी सबै दललाई पनि सहमत गराएर संघीयतालाई कार्यान्वयन गर्न खोज्दा केही समय लागेको बताए । वर्तमान सरकारले संघीय निजामती ऐन, संघीय शिक्षा ऐन, प्रहरी समायोजन ऐनलगायत संघीयता कार्यान्वयनसम्बन्धी ऐन निर्माणका लागि द्रुतगतिका साथ काम गरिरहेको उनले दाबी गरे ।

विधेयकहरु प्रस्तुत पनि भइसकेको भन्दै अब छलफलको माध्यमबाट त्यसलाई निष्कर्षमा लैजान बाँकी रहेको प्रधानमन्त्रीले बताए । मुख्यमन्त्रीहरुले नेपालको संविधानमा व्यवस्था भएका साझा अधिकार सूची प्रयोगको व्यवस्था मिलाउन तथा गत असारमा पोखरामा सम्पन्न मुख्यमन्त्री सम्मेलनको निष्कर्ष कार्यान्वयन गर्न सरकारको प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएका थिए ।

# मनहरीमा जंगली हात्तीको वितण्डाले डेढ दर्जन घरमा क्षति

साझाकुरा संवाददाता



हेटौंडा, १४ पुस/मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकामा पछिल्लो दुइसातादेखि वितण्डा मच्चाइरहेको जंगली हात्तीले डेढ दर्जन बढी घरमा क्षति पुऱ्याएको छ ।

शुक्रबार मध्यरात थप तीनवटा घरमा क्षति पुऱ्याएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । हात्तीले धान र चामल पनि खाईदिएको छ । शुक्रबार राती ११ बजे मनहरी गाउँपालिका वडा नम्बर ७ शान्तिटोलका संजय साह, लक्ष्मी परियार र र वडा नं.८ सिमपानी शिबलाल प्रजाको घरमा क्षति गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीका अनुसार साहको घरको ढोका भत्काएर १ बोरा धान र परियारको ब्लकले बनेको जस्ताले छाएको एक तले घरको १ साईडको भित्ता भत्काएको छ ।

प्रजाको ब्लकले बनेको जस्ताले छाएको १ तले घरको छानो र १ साईडको भित्ता भत्काएर १ बोरा चामल खाएको प्रहरीले जनाएको छ । खानेकुरा खोज्दै मनहरीको बस्तीमा पल्केको हात्तीलाई स्थानीय, प्रहरी र पर्सा राष्ट्रिय निकुञ्जको नेपाली सेनाको टोलीले जंगलतर्फ लखेटेका थिए । घटनामा मानविय क्षति भने नभएको प्रहरीले जनाएको छ । हालसम्म जंगली हात्तीले करिब दर्जन बढी घरहरुमा क्षति गरि सकेको छ ।

हात्तीकै आक्रमणबाट गत शनिबार राती मनहरी गाउँपालिका-७ बिजौना बस्ने ५१ बर्षीया कान्छिमाया तामाङलाई आक्रमण गरी घाइते बनाएको थियो । हात्तीको कारण गाउँबासीमा त्राश बढेको छ भने रातमा राम्रोसँग सुत्न पाएका छैनन् । किसानले खेतबारीमा लगायतको अन्नबाली समेत क्षति गर्दै आएको छ । हात्ती नियन्त्रण गर्न निकुञ्जले चासो नदेखाएको मनहरीबासीको गुनासो छ । पुस १ गते राती हात्तीले चेपाङको ढुंगा र जस्ताले बनेको १ तले घरमा पूर्णरुपमा क्षति पुऱ्याएको मकवानपुर प्रहरीले जनाएको छ ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रयल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

- अललाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

मेला हेर्न हेटौंडा आऔं

**बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०**

पौष ५ गते देखि पौष १७ गतेसम्म हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि ९८५५०६८८७३, ९८५१०५३८०१

**मुख्य आकर्षणहरु :**

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित



प्रवेश शुल्क
विद्यार्थी :रु ५०
सर्वसाधारण : रु७०

मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

साझाकुरा

## हाम्रो कुरा

# मुख्यमन्त्री बैठकको सन्देश

मुलुक संघीयतामा गएपछि सबैखाले समस्या तत्काल समाधान भएर मुलुकको विकास तीब्रगतिमा अघि बढ्ने आशा गरिएको थियो । तर, बिबिधखाले कानुनी जटिलताका कारण प्रदेश सरकार बिगत ६ वर्षदेखि अलमलमा रहेको छ । अलमलको अवस्थाबाट अगाडि बढ्नका लागि सातै प्रदेशका मुख्यमन्त्रीहरुको हेटौंडामा अन्तरप्रदेश मुख्यमन्त्री बैठक सम्पन्न भएको छ । बैठकले संघीय सरकारसँग ९ बुँदामा संवैधानिक अधिकार माग गरेको छ । बागमती प्रदेशको आयोजनामा शुक्रवार हेटौंडामा बसेको अन्तरप्रदेश मुख्यमन्त्री बैठकले तय गरेको ९ बुँदे साझापत्र मुख्यमन्त्रीले शनिवार बिहान प्रधानमन्त्री प्रचण्डलाई पेश गर्ने निर्णय गरेका थिए । प्रधानमन्त्री पुष्पकमल दाहालले फेरि पनि आश्वासन दिएका छन् । बैठक समापनको अवसरमा मुख्यमन्त्रीहरुको तर्फबाट बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले ९ बुँदे साझापत्र पढेर सुनाएका थिए ।

बैठकले गत १६ असारमा गण्डकी प्रदेशको पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठकबाट नेपालको संविधानको कार्यान्वयन प्रभावकारिता र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण तथा नागरिकमा प्रवाह हुने सेवा एवम् विकासमा शीघ्रता एवम् प्रभावकारिता ल्याउन महत्वपूर्ण निर्णयहरु भएको सुनाउँदै तहगत अधिकारको कार्यविस्तृतीकरण परिमार्जन गर्ने निर्णय गरेको छ । तीनै तहबाट प्रदान गरिने अनुदानको दोहोरोपना हटाउने, एउटै प्रकृतिको कामका लागि स्थापना भएका अलग अलग संरचना हटाउने, तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउने एवम् तादाम्यता कायम गर्ने, साझा सूचीमा रहेका अधिकार सम्बन्धी कानुन निर्माणमा सहकार्य गर्ने, जनशक्ति व्यवस्थापन र सेवाप्रवाह, राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणाली विकास गर्ने एवम् जग्गा प्राप्तिमा सहजता कायम गर्ने लगायत विषयमा भएका निर्णयको कार्यान्वयन छ महिनासम्म पनि उत्साहजनक नदेखिएको भन्दै बैठकका निर्णय शीघ्र कार्यान्वयन हुन जोडदार माग गर्ने निर्णय गरेको थियो । मुख्यत: प्रहरी समायोजन गर्ने, संघीय निजामती सेवा ऐन जारी गर्ने, प्रदेशले प्रयोग गरिरहेका सरकारी भवन तथा जग्गाको स्वामित्व हस्तान्तरण गर्ने, साझा अधिकारका विषयका कानुन निर्माणमा सहकार्य गर्ने, राष्ट्रिय वनलगायत प्राकृतिक स्रोतको उपयोग एवम् राजस्व बाँडफाँड, वित्तीय हस्तान्तरणको निर्णय गरेको छ ।

बैठकले मधेश प्रदेश सरकारले प्रधानमन्त्रीसमक्ष २३ कार्तिकमा प्रस्तुत गरेको ध्यानाकर्षणपत्र र मधेश प्रदेशसभाले पारित गरेको संकल्प प्रस्तावबमोजिमका माग पूरा गर्न ऐक्यबद्धतासहित अनुरोध गर्ने निर्णय गरेको छ । त्यसैगरी बैठकले नेपालको संविधान बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप संस्थागत गर्दै तीन तहको शासकीय व्यवस्थाको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन संविधान निर्माणमा संलग्न प्रमुख राजनीतिक दलहरुबीच नियमित छलफल गर्ने संयन्त्रको विकास गरी राष्ट्रिय सहमतिसहितको साझा धारणा निर्माणमा प्रधानमन्त्रीबाट विशेष पहल हुन अनुरोध गर्ने निर्णय गरेको थियो । बैठकले तीनै तहका सरकारको कार्यजिम्मेवारी र अधिकारक्षेत्रमा स्पष्टता ल्याउन कार्यविस्तृतीकरणमा गर्नुपर्ने परिमार्जनका लागि सबै प्रदेशका मुख्य न्यायाधिवक्ता रहेको कार्यदल गठन गर्ने र प्रदेशहरुको बीचमा बनेका कानुन र अब बन्ने कानुन तथा संघ, प्रदेश र स्थानीय कानुनहरुबीचमा तादाम्यता कायम गर्न गर्नुपर्ने कार्यहरु पहिचान गरी नियमितरुपमा मुख्यमन्त्रीको संयन्त्रमा पेश गर्ने निर्णय गरेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस १६ गते सोमबार, १ जनवरी २०२४ । पञ्चमी, पौष कृष्णपक्ष । थिलागा ११४४ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:१८ । नववर्षारम्भ २०२४ । राष्ट्रिय मेलमिलाप दिवस । राष्ट्रिय टोपी दिवस । राष्ट्रिय पोशाक दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आलोचनामा वृद्धि | **तुला** | : मान्यजनबाट विवाद |
| **वृष** | : यात्रामा अवरोध | **वृश्चिक** | : अहमपनले कार्यमा हानि |
| **मिथुन** | : व्यवसायमा सफलता | **धनु** | : शत्रु नाश |
| **कर्कट** | : मान हानिले खिन्नता | **मकर** | : परिवारमा कलह |
| **सिंह** | : धर्मकार्यमा खर्च | **कुम्भ** | : रोग नाश |
| **कन्या** | : न्यायिक कार्यमा सफलता | **मीन** | : अशुभ समाचार सुन्नुपर्ने |

# अर्थतन्त्र : सरकारलाई जस दिने ठाउँ देखिएन



✍ केशव आचार्य

प्रधानमन्त्रीले आफ्नो सन्देशमा भन्नुभयो, यो अर्थविदहरूले पनि भनिरहेको कुरा हो कि दुई-तीन वर्षदेखि हाम्रो अर्थतन्त्रको बाह्य क्षेत्र आयात, निर्यात, पर्यटन, विदेशी अर्थतन्त्रसँग सम्बन्धित क्षेत्रमा सुधार आयो । कसरी सुधार आयो त भन्दा विदेशी मुद्राको सञ्चिति राम्रोसँग बढ्यो । शोधनान्तर स्थिति मात्र हैन, चालु खाता पनि सन्तुलनमा, नाफामा छ । रेमिट्यान्स पनि ठीक छ । यसको मुख्य कारण भनेको बाह्य क्षेत्रमा आएको सन्तुलनमा अलिकति पर्यटन र निर्यातको योगदान छ । मूलत: रेमिट्यान्स र अहिले आएर पर्यटनले अलिकति योगदान पु-याएको छ । त्यो सकारात्मक पक्ष हो ।

राष्ट्र बैंकको तथ्यांक हेर्दा असोज मसान्तसम्मको मुद्रा स्फीति दर साढे ७ भन्दामाथि झन्डै ८ प्रतिशतको हाराहारी रहेकोमा मंसिरमा आएर ५.३८ प्रतिशतमा घट्यो । मुद्रा स्फीति दर घटेको हैन, जुन रफ्तारले बढिरहेको थियो, त्यसको रफ्तार चाहिँ घट्यो । यो पनि विगतका वर्षमा भन्दा एउटा सकारात्मक अवस्था हो ।

अर्को, विगत एक वर्षसम्म उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ, च्याम्बर अफ कमर्श र अर्थविद सबैको गुनासो बैंकको ब्याजदर उच्च भयो र त्यसले गर्दा लगानी गर्न सकिएन भन्ने थियो । तर, अहिले हेर्ने हो भने अन्तर बैंक ब्याजदर पनि घटेको छ । एउटा बैंकले आफूलाई आवश्यक परेका बेलामा अर्को बैंकबाट ल्याउने ऋणको ब्याजदर घटेको छ ।

राष्ट्र बैंकले सरकारका लागि गरि दिने जुन खुला बजार कारोबार थियो, त्यसको दर पनि घटेको छ र तदनुरूप बैंकमा राखेको निक्षेपको ब्याजदर पनि घटेको छ । त्यसले गर्दा कर्जामा अलिकति सुधार आएको छ । यो सबै सरकारले गरेरै भएको भन्न सक्ने अवस्था छैन ।

### सरकारलाई जस दिने ठाउँ देख्दिनँ

रेमिट्यान्स सरकारले ल्याएको होइन । न राजस्व उठाउन सक्यो, न पुँजीगत खर्च गर्न सक्यो । न मेलम्चीको पानी ल्याउन सक्यो । सरकारले यो चाहिँ गऱ्यो भन्ने म केही देख्दिनँ । लोडसेडिङ पहिला नै हटेको हो ।

हामी श्रीलंकाकै जस्तो हालतमा पुगिसकेका थिएनौं तर ओरालो लाग्ने अवस्थामा थियौं । त्यतिबेला सरकारले कतिपय वस्तु आयातमा नियन्त्रण गऱ्यो । राष्ट्र बैंङ्कले पनि प्रतीतपत्रको मार्जिन बढाइदिएर रोकेको हो । उसको नियन्त्रणात्मक कदमले गर्दा हाम्रो आयात घटेको हो । त्योबाहेक अरु सरकारले गर्नुपर्ने मुख्य पुँजीगत खर्च, समयमा काम सक्ने, दातृ निकायले दिन्छु भनेको अनुदान र ऋण समयमा लिन सक्ने र निर्णय प्रकृया छिटो-छिटो गर्नुपर्ने हो, त्यो गर्न सकेन । यो एक वर्षमा एउटा कानुन बनाएको छ । त्यतिले सरकारलाई जस दिने ठाउँ म देख्दिनँ ।

जलस्रोतमा केही प्रगति भएको छ । ५/६ सय मेगावाट नयाँ उत्पादन भयो र भारतमा बिक्री भयो भन्ने आयो । तर, यसको कमजोर पक्ष के हो भने हाम्रो आन्तरिक अर्थतन्त्र र बाह्य अर्थतन्त्रमा सम्पर्क वा सम्बन्ध नै देखिएन । केही महिनादेखि विदेशी मुद्रा सञ्चिति र शोधानान्तरमा राम्रो अवस्था भोग्दै आइराखेका छौं । तर, आन्तरिक रूपमा मुद्रा स्फीतिको दर अलिकति घटे पनि यसले कृषि क्षेत्रमा राम्रो प्रभाव पारेन । उखु कृषक राम्रो मूल्य पाएनौं भनेर चित्त दुखाउँछन् । उद्योगमा पनि त्यस्तै छ ।

अहिले हाम्रा उद्योग जम्मा ३० प्रतिशत क्षमतामा चलेका छन् । १ हजार टन सिमेन्ट निकाल्न सक्ने क्षमता छ भने तीन सय टन मात्र उत्पादन गरेर बसिरहनुभएको छ । उहाँहरुले बैंकको ऋण तिर्न सक्नुभएको छैन । यसले गर्दा पूर्ण क्षमतामा नचल्दा त त्यहाँ भएका कामदारले पनि जागिरबाट हट्नुपरेको छ । त्यसैले कृषि र उद्योग क्षेत्रमा राम्रो छैन । पर्यटनले मात्र धानेको छ ।

अर्को, १५/२० वर्षदेखि जतिबेला माओवादी जनयुद्ध चरम बिन्दुमा पुग्यो, त्योबेलादेखि नै हाम्रो पुँजीगत खर्च गर्न सक्ने क्षमता घट्यो । ०६२/६३ सालमा गणतन्त्र आएपछि झन्झन् खराब भयो । सरकारको ऋणात्मक अवस्था छ । उसले जति गरे पनि पुँजीगत खर्च गर्न सकेन ।

हाम्रो अर्थतन्त्रमा मुलुकभरको वार्षिक लगानी हेर्दा ७० देखि ७५ प्रतिशत निजी क्षेत्र र बाँकी सरकारको लगानी छ । तर, के हुँदो रहेछ भने सरकारले पुँजीगत खर्च गरेपछि निजी क्षेत्र पनि चलायनमान हुन्छ । जस्तो- सरकारले एक अर्ब खर्च गरेर एयरपोर्ट बनायो, खेलकुद मैदान बनायो भने निजी क्षेत्रले ठेक्कापट्टा लिन्छ । सिमेन्ट, रड इँट्टाको बिक्री बढ्छ । यसरी निजी क्षेत्रको विकास पनि सरकारको पुँजीगत खर्चमा आधारित हुन्छ ।

### पारदर्शिताको अभाव

निजी क्षेत्रसँग पनि मेरो केही गुनासो छ । निजी क्षेत्र पण्डितजस्तो, कर्मकाण्ड गर्नेजस्तो भयो । निजी क्षेत्रबाट हामीले जुन मितव्ययिता र आदर्श खोज्छौं, त्यो भएन । निजी क्षेत्रले नाफा कमाउने नै हो, त्यो भएन भने निजी क्षेत्रले काम गर्न सक्दैन । तर निजी क्षेत्रले पनि मुलुकमा दीर्घकालीन लगानी गरेन । भूकम्प गएपछि केही सिमेन्ट उद्योग राम्रै आए र भारतमा पनि पठाउन थाले । अहिले औषधि उत्पादनमा पनि सुधार भएको छ । जुत्तामा पनि राम्रो भएको छ । तर, त्यो अगाडि जानै सकेन ।

भूकम्पपछि हेर्ने हो भने कोही बस ट्रक चलाउने भए, होटेल रेस्टुरेन्ट खुले । तर उत्पादनमूलक उद्योगमा निजी क्षेत्र आउन सकेन । निजी क्षेत्रले नागरिक भएर सोचेन, व्यापारी मात्र भयो । हाम्रो स्वदेशी निजीक्षेत्र मात्र हैन, बहुदल आउने बित्तिकै ०४९/५० देखि डाबर लगायतका वैदेशिक लगानीमा उत्पादनमूलक उद्योग आए पनि थप आउन सकेका छैनन् ।

हाम्रो निजी क्षेत्र पारदर्शी भएन । सरकारमा पनि नीतिगत र व्यवहारिक रूपमा पारदर्शिता छैन । नीतिगत रूपमा पनि गर्छु मात्र भन्छ । ०७६ सालमा हाम्रो अन्तिम लगानी सम्मेलन भएको थियो, त्यहाँ २६ खर्ब रुपैयाँको प्रतिबद्धता आएको थियो । त्योसहितको लगानी सम्मेलन हुनुभन्दा अगाडि सरकारले एकद्वार प्रणाली भनेर खोल्यो । त्यो अहिलेसम्म नामको मात्र छ, त्यसले केही सहजीकरण गरेको अवस्था छैन । त्यसैले सरकारको नीतिगत अस्थिरता भयो ।

अहिले आएका सुनका कुरामा लागेको त सबै निजी क्षेत्र नै हो । होला, उद्योग वाणिज्य महासंघका सदस्य, अध्यक्ष नलाग्नु भएको होला, मीनबहादुर गुरुङ, सबै निजी क्षेत्र हो । दुबईको, हङकङको निजी क्षेत्रबाटै भारतमा पठाउन लागेको छ । सरकार पनि यो सबैमा पाठकजस्तो भएको छ ।

एनसेलका खराब र राम्रा पक्ष होलान् तर एनसेल यसरी जाँदा संसारभरका नेपालमा लगानी गर्न चाहना भएका मान्छेलाई यसले नकारात्मक प्रभाव पा-यो । होला, उसले पुँजीगत लाभकर तिरेन, ठगी गर्न खोज्यो, स्वामित्व हस्तान्तरण गलत तरिकाले गर्न खोज्यो होला । तर, यो एउटा विदेशी लगानी र एक करोड भन्दा बढी ग्राहक भएको कम्पनीमा यत्रो काण्ड हुँदा आजियाटा कम्पनीले नेपालमा लगानी गर्ने वातावरण भएन र म टिक्न सकिनँ भनेर भन्यो । उसले विश्वभर खराब सन्देश दियो ।

तर, सरकार गैंडाको छालाजस्तो, उसमा संवेदना आउँदै आएन । एकातिर सरकार वैशाखमा हामी लगानी सम्मेलन गर्दैछौं भन्दैछ । अर्कोतिर त्यत्रो ठुलो कम्पनीले त्यस्तो दोष लगाइर राखेको छ ।

### दातृ निकायका सबै दबाब खराब हुँदैनन्

नेपालमा दातृ निकायले दबाब दिनु स्वाभाविकै हो । खासगरी विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष वा एसियाली बैंकले हामीलाई दिने पैसा हो । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषका त्यसका सदस्य राष्ट्रहरू १९० भन्दा बढी छन् । एसियाली विकास बैंकका पनि ५०/६० देश सदस्य छन् । त्यहींबाट आएको पैसा हामीलाई दिने हो । उनीहरूले त्यसमा आर्थिक मात्र होइन, सामाजिक लाभ पनि हेरिरहेका हुन्छन् । त्यसका लागि दबाब दिन्छन् । त्यो दबाव मान्ने या नमान्ने भन्ने हामीमा भर पर्छ ।

नजिकैका भारत, चीनमा विदेशीको दबाब आयो भने उनीहरूले आफ्नो राष्ट्रिय स्वार्थ हेरेर तिमी जाने भए जाऊ, मलाई चाहिँदैन भन्छन् । तर, हाम्रोमा त ५० लाख, एक करोड विदेशी सहयोगमा प्रधानमन्त्रीसम्म झुक्छन् । त्यसैले, विदेशीले दबाब दिने भन्दा पनि हामी आफै प्रष्ट भएनौं । नेतृत्वमा बस्ने राजनीतिक नेतृत्वले प्रशासनिक संरचना पनि ध्वस्त पा-यो । यसले गर्दा दबाब आउने हो ।

सबै दबाब खराब हुँदैनन् । जस्तो- हाम्रो वित्तीय प्रणाली झन्डै संकटको अवस्थामा गइसकेको थियो । अहिले पनि संकटबाट उन्मुक्त भइसकेको छैन र अन्तर्राष्ट्रिय मुद्रा कोषबाट हामीले केही पैसा लिएका छौं, त्यसमा उसले मौद्रिक नीति अलि कडा पार, जथाभावी कर्जा विस्तार नगर, तिमीहरूको अनुगमन क्षमता बढ्नु प-यो भन्यो । यसका लागि १० वटा सबैभन्दा ठूला बैंकको हामी अन्तर्राष्ट्रिय 'अडिटिङ' गराउँछौं, त्यहाँ कागज पत्र मिलाएर नाफा खाइरहेका छन्, यो गलत हो भनेर अन्तर्राष्ट्रिय मुद्रा कोषले दबाब दियो । त्यसले गर्दा राष्ट्र बैंक मार्फत् ती बैंकहरू अलिकति अनुशासनमा आए ।

त्यसैले, कतिपय दबाब खराब हुँदैनन् । कुनै खराब हुने हुन् । अहिले पोखरा जाने बाटोको नारायणगढ-मुग्लिन खण्ड हेर्दा इन्डियनको त कुरा भएन, चाइनिजहरूको पराकाष्टा छ । हाम्रा ठेकदार हाम्रो सामान तिमीहरूले जिम्मा लिनुपर्छ, गाडीसाडी पनि अरु किन्न पाउदैनौ भन्ने पनि हुन्छ ? भारतले त मैले भनेको मानिनस भन्यो भने यहाँको सरकार थर्कमान हुन्छ ।

### बैंकिङ प्रणालीमा समस्या छ

राष्ट्रिय ढुकुटीमा सरकारसँग कति भनेर यसले तथ्याङ्क सार्वजनिक गरेको छैन । तर, मेरो विचारमा झन्डै खर्ब रुपैयाँ सरकारसँग मौज्दात छ । बैङ्किङ प्रणालीमा त प्रशस्तै छ, तर त्यहाँ पनि समस्या छ ।

बैंकहरूमा पनि हामी खराब कर्जा जुन भन्छौं, असुली नभएको म्यादभित्र र अहिले चाँडै असुली हुने सम्भावना पनि नभएको अवस्था विगतका वर्षहरुको भन्दा धेरै मात्रामा बढेको छ ।

बैंकले खराब कर्जा लिएर बसेका छन् । त्यो खराब कर्जा लिएर बस्दा त्यसका लागि 'प्रोभिजनिङ' गर्नुपर्छ । अर्थात, त्यो नतिरेको जति ऋण छ, त्यति रकम बैंकले लगानी नगरी थन्क्याएर राख्छ । यसले गर्दा बैंकको नाफा पनि घट्ने हुन्छ । अहिले लाभांश हेर्दा एकदम घटेको छ ।

सरकारको नीतिकै कारण पैसा लुकाउने काम भइरहेको छ । १०० डलरको वस्तु आयात गरियो भने भन्सारले १०/१५ डलरमा त्यो आउन दिएको छ । त्यो पैसा उसले बैंकमा लान सक्दैन । किनभने बैंकमा निक्षेप गर्न जाने हो भने उसको स्रोत कहाँबाट आयो, १० लाखभन्दा बढी देख्ने बित्तिकै उसले सोध्छ । कसैले पाँच करोडमा जग्गा लिएको छ, ५० लाखमा र जिस्ट्रेसन पास गरेको छ । त्यो साढे चार करोड रुपैयाँको त स्रोत भएन । त्यो बैङ्कमा जाँदैन । कि सहकारीमा जान्छ, कि सुन लिएर आउँछ ।

त्यसैले यसमा निजी क्षेत्र र सामुदायिक क्षेत्र मात्र होइन, सरकारको नीति नियम र सरकारको अनुगमन अति नै फितलो भएको छ । यसमा ठूलो काम गर्नुपर्दैन । निर्णय प्रक्रिया सच्याए पुग्छ । कुनै मन्त्रालयको लोकसेवा पास गरेर एउटा सेक्सन अफिसर आउँछ । त्यहाँ निर्णय प्रक्रियामा सेक्सन अफिसरले टिप्पणी सुरु गर्छ र उपसचिव, सहसचिव हुँदै मन्त्रीसम्म पुगेर त्यो कागज फर्केर आउँदा ६ महिना त्यसै जान्छ ।

त्यत्रो लोकसेवा पास गरेको मान्छेलाई पाँच करोडसम्मको निर्णय गर्ने अधिकारी सेक्सन अफिसर, १० देखि १५ करोडसम्मको उपसचिव, २५/३० करोडसम्म सहसचिव र एक अर्बसम्म सचिव, दुई अर्बसम्म मुख्यसचिवलाई र त्योभन्दामाथि मात्रै मन्त्रिपरिषदमा जाने भनेर निर्णय गरिदियो भने कागजी दौड कम हुन्थ्यो । तर, पैसा लुकाउन राज्यले बाध्य बनाइदियो ।

*(साभार: खबरहब)*

# धर्मनिरपेक्षता : बलियो दिग्भ्रम

✍ जेबी विश्वकर्मा

धर्म व्यक्तिको स्वतन्त्रताको विषय हो । धर्म मान्ने वा नमान्ने अथवा कुन धर्म मान्ने, यो व्यक्तिको छनोटको अधिकारको सवाल हो । लोकतान्त्रिक राज्य व्यवस्था भएको देशका नागरिकले आस्थाअनुरूप धर्म मान्न पाउँछन्, कुनै धर्मप्रति विश्वास नगर्ने नास्तिक पनि बन्न पाउँछन् । अर्कातिर, लोकतान्त्रिक व्यवस्थामा राज्यले जनताको प्रतिनिधित्व गर्छ न कि कुनै निश्चित धर्मको । राज्यको निश्चित धर्म हुँदैन ।

त्यसैले राज्यले कुनै धर्मलाई विशेषाधिकार दिन र कुनै धर्मलाई निषेध गर्न मिल्दैन । राज्यले सबै धर्म मान्ने व्यक्ति वा समूहलाई समान र न्यायपूर्ण व्यवहार गर्नुपर्छ र यस्ता धर्म सामाजिक न्यायमा आधारित हुनुपर्छ भन्ने मान्यता नै धर्मनिरपेक्षता हो । यस्तो धर्मनिरपेक्ष राज्यले मात्रै विभिन्न धर्मभित्र अभ्यास भइरहेका अमानवीय, अन्यााययुक्त र अत्याचारी व्यवहार र संस्कृतिको अन्त्य गर्न कानुनी र नीतिगत व्यवस्था गर्न सक्छ ।

नेपाल जातीय, भाषिक, सांस्कृतिक विविधतायुक्त देश हो । २०७८ को जनगणनाअनुसार नेपालमा दस वटा फरक-फरक धार्मिक समुदायको बसोबास छ । पृथ्वीनारायण शाहको गोरखा राज्य विस्तार अगाडि सबै मूलत: गैरहिन्दु धार्मिक समूहले आ-आफ्नै धार्मिक-सांस्कृतिक अभ्यास गरिरहेका थिए । तर, 'असिल् हिन्दुस्थाना' बनाउने अभीष्टसहित पृथ्वीनारायण शाहको राज्य विस्तारपछि भने अन्य धार्मिक समुदायमाथि दमन बढ्दै गयो । जंगबहादुर राणाको उदयसँगै अन्य धार्मिक समुदायमाथि दमन तीव्र हुँदै गयो । बौद्ध भिक्षुहरूलाई देशनिकाला गरियो । गैरहिन्दु आदिवासी जनजातिलाई हिन्दु धार्मिक-सांस्कृतिक चाडपर्व मान्नैपर्ने बाध्यात्मक परिस्थिति उत्पन्न भयो ।

राजा महेन्द्रले २०१९ मा वैधानिक रूपमै नेपाललाई हिन्दु राष्ट्र बनाए । यसरी हिन्दुबाहेकका सबैजसो धार्मिक-सांस्कृतिक समुदायले राज्यबाट विभेद भोगेको महसुस गरेकै कारण नेपालमा धर्मनिरपेक्षताको माग भएको हो । यति मात्रै होइन, हिन्दु वर्ण व्यवस्थाका कारण उत्पीडनमा पारिएका आदिवासी जनजाति, दलित, मुस्लिम आदिले धार्मिक-सांस्कृतिक उत्पीडनबाट मुक्तिका लागि निकै लामो संघर्ष गर्दै आएका छन् । बौद्ध, इस्लाम, किरात, इसाई, शिख आदिले पनि धार्मिक स्वतन्त्रता र समानताको माग गरेर आवाज उठाउँदै आइरहेका छन् । राजनीतिक रूपान्तरणको संघर्ष र विभिन्न सामाजिक-धार्मिक समुदायको आन्दोलनकै परिणामस्वरूप २०७२ मा नेपाल संवैधानिक रूपमै धर्मनिरपेक्ष राष्ट्र बनेको हो । यद्यपि, स्पष्टीकरण खण्डमा धर्मनिरपेक्षलाई परम्परादेखि चलिआएको धर्मसंस्कृतिको संरक्षणका रूपमा व्याख्या गरिएको छ, जुन गलत हो । तथापि, कम्तीमा संवैधानिक रूपमा धर्मनिरपेक्षतालाई स्वीकार गरिएको छ ।

धर्म स्वाभाविक रूपमा संवेदनशील विषयवस्तु हो । मानिसको आस्था र भावना जोडिएको विषय भएको हुनाले धार्मिक कुराले जोसुकैलाई छिट्टै छुन्छ र उद्वेलित बनाउँछ । त्यसैले धर्मनिरपेक्षताजस्तो संवेदनशील विषयमा गरिने बहस तथ्य र तर्कमा आधारित र गम्भीर प्रकृतिको हुनुपर्ने हो । तर, नेपालमा धर्मनिरपेक्षताका सन्दर्भमा अनेक विभ्रम छर्ने प्रयत्न भइरहेका छन् । कतिपयले धर्मनिरपेक्षतालाई हिन्दुविरोधी अवधारणाका रूपमा बुझ्ने गरेका छन् । धर्मनिरपेक्षता हिन्दुले जस्तै सबै धार्मिक समुदायले पनि समान रूपमा आ-आफ्नो धार्मिक-सांस्कृतिक गतिविधि गर्न पाउने स्वतन्त्रताको कुरा हो । तर यसलाई जबर्जस्ती हिन्दुविरोधी अवधारणाका रूपमा अपव्याख्या गरिएको छ ।

व्यक्तिको रुचि वा इच्छाविपरीत जबर्जस्ती कुनै धर्म मान्न वा परिवर्तन गर्न पाइँदैन । कुनै धर्म मान्नु वा नमान्नु व्यक्तिको स्वतन्त्रताको कुरा हो तर नेपालमा धर्मनिरपेक्षतालाई पश्चिमा देशको नियोजित एजेन्डाका रूपमा व्याख्या गरिन्छ । यस्तो चर्चामा सत्यता छ भने त्यसको व्यवस्थापन गर्ने मुख्य दायित्व राज्यको हो । राज्यले धर्मनिरपेक्षतासम्बन्धी कानुनै निर्माण गरेर धार्मिक समानताको ग्यारेन्टी गर्ने र कुनै पनि धार्मिक समुदायले दबाब वा प्रभावमा व्यक्तिको धर्म छनोट गर्ने अधिकार हनन गर्न नपाउने व्यवस्था गर्न सक्छ । राज्यले यस्ता मुद्दालाई सही रूपमा सम्बोधन गर्नुपर्छ । धर्मनिरपेक्षताले नै सबै धार्मिक-सांस्कृतिक समुदायले स्वतन्त्रता र निर्धक्कसँग आ-आफ्नो धर्म र संस्कृतिको अभ्यास गर्न पाउने व्यवस्था सुनिश्चित गर्छ भनेर बुझाउन राज्यले जिम्मेवारीपूर्वक पहल गर्नुपर्छ ।

नेपाली समाजमा बसोबास गरिरहेका विभिन्न धार्मिक समुदायबीच जनस्तरमा केही मात्रामा बेमेल र विभेद त छन्, तर जनस्तरमा धार्मिक विषयकेन्द्रित ठूला मतभेद, द्वन्द्व र तिक्तता छैनन् । एउटै समाजमा बसोबास गर्ने फरक धार्मिक समुदायबीच मित्रतापूर्ण सम्बन्ध छ । नेपाली समाजको विविधता र बहुलतालाई स्वीकार नगरी समाज अगाडि बढ्नै सक्दैन, धार्मिक विविधता र समानता समाजको महत्त्वपूर्ण पक्ष हो भन्ने जनस्तरका मानिसलाई राम्ररी थाहा छ । तर, केही धार्मिक ठेकेदार राज्यको धार्मिक चरित्रलाई भजाएर स्वार्थ रक्षा गर्न चाहन्छन् । अर्कातिर, केही राजनीतिक पार्टी र तिनका नेतृत्व चुनावमा भोट राजनीतिका लागि धर्मलाई अस्त्र बनाउन चाहन्छन् ।

### धर्मनिरपेक्षता : राजनीतिक दाउपेच

व्यक्तिको आस्था र भावनासँग जोडिएको धर्म मूलत: राजनीतिक अभीष्टका लागि नै प्रयोग हुँदै आएको छ । पृथ्वीनारायण शाहले गोरखा राज्य विस्तारका क्रममा उठाएको 'असिल् हिन्दुस्थाना' को एजेन्डा धार्मिक-सांस्कृतिक अतिक्रमणसँगै राज्य शक्ति कब्जा गर्ने र ठूलो जनसंख्याको शासक बन्ने रणनीतिकै अंश थियो । धर्मका नाममा सती प्रथा लागू गर्ने, कानुनै बनाएर छुवाछूत-भेदभावसहितको वर्ण व्यवस्था लादेर दलितमाथि चरम शोषण, दमन र अत्याचार गर्ने, विभिन्न भाषा-संस्कृतिका समुदायमाथि दमन गर्ने काम मूलत: हिन्दु शासकहरूबाटै भएको हो । राज्यसत्ता र शक्ति प्राप्तिका लागि उनीहरूले धर्मको अस्त्र प्रयोग गरेका हुन् ।

नेपालमा राप्रपाजस्ता दक्षिणपन्थी पार्टीले निरन्तर रूपमा हिन्दु राज्यका पक्षमा आवाज उठाउँदै आइरहेका छन् । हिन्दु धर्मका पक्षपाती केही अभियन्ताले पनि यो मुद्दा उठाउँदै आएका छन् । विगतमा हिन्दु राज्य हुँदा नेपालको अर्थ-राजनीतिक क्षेत्रमा कुनै उल्लेख्य प्रगति हुन सकेन । अब पुन: हिन्दु राज्यका पक्षमा वकालत गर्ने राजनीतिक पार्टी वा अभियन्तासँग नेपाली जनताको बहुआयामिक समस्या सम्बोधन गर्ने कुनै उपाय छैन । संसारमा विज्ञान र प्रविधिको यति धेरै विकास भइसकेको परिस्थितिमा हिन्दु राज्य निर्माण गर्ने चाहना राख्नु चरम दक्षिणपन्थी र पश्चगामी बाटो हो । तत्काल प्रगतिको परिणाम खोज्ने यो पुस्ताले परम्परागत हिन्दु राज्यको अवधारणा स्वत: खारेज गरिदिन्छ ।

संविधान निर्माता ठूला राजनीतिक पार्टीहरू पनि धर्मलाई चुनावी भोटमा बदल्न चाहन्छन् । धर्मनिरपेक्षताको विपक्षमा ती पार्टी संस्थागत रूपमा बोल्न सक्दैनन् तर सांकेतिक रूपमा हिन्दु मतबाट राजनीतिक लक्ष्य प्राप्तिको आशाचाहिँ राख्छन् । भारतमा भारतीय जनता पार्टीलाई हिन्दुवादी नाराले सत्तामा पुग्न सघायो । यसले मोदीको रवाफ मात्रै बढाएन, हिन्दुवादी धार्मिक अभियानका नेता र अभियन्तालाई अतिवादी बनाउनसमेत भूमिका खेलिरहेको छ ।

भारतका मुस्लिम, शिख र अन्य धार्मिक समुदाय सधैंभरि हिन्दु धार्मिक अतिवादी समूहको डरमा बाँचिरहेका छन् । तथापि, मोदीको हिन्दुवादी राजनीतिले शक्ति आर्जन गरिरहेकै छ । यसको असर नेपालका राजनीतिक नेतृत्वहरूमा पनि परेको देखिन्छ । प्रधानमन्त्री पुष्पकमल दाहालले गेरु वस्त्रमा सजिएर भारतको मध्यप्रदेशस्थित महाकालेश्वर मन्दिरमा पूजाअर्चना गर्नु, एमाले नेताको टोली गेरु वस्त्रमा बैतडी र डोटीका मन्दिरमा पूजाअर्चनामा पुग्नु, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले धर्मनिरपेक्षताका बारेमा सोच्न सकिने अभिव्यक्ति दिनुले राजनीतिक पार्टीहरू शक्ति आर्जनका लागि अझै धर्मलाई प्रयोग गर्ने मनस्थितिमा रहेको बुझ्न कठिन छैन । तर, पार्टीहरूको यस्तो गतिविधिले सामाजिक विविधताको सम्मान, सामाजिक न्याय र धर्मनिरपेक्षताको बर्खिलाप हुने हेक्का राख्नुपर्छ ।

*(साभार: ई-कान्तिपुर)*

# साहित्य संगम मकवानपुरद्वारा सहयोगी दातालाई सम्मान, रचनावाचन

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ साहित्य संगम मकवानपुरले ३३८ औं नियमित साहित्य सन्ध्या, रचनावाचन तथा संगमको नियमित गतिविधि सञ्चालनार्थ अक्षयकोष निर्माण अभियानमा सहयोगी दाताहरुलाई सम्मान गरिएको छ । हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यता र संगमका अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्षतामा आयोजित कार्यक्रममा ५ हजार रूपैयाँमाथि सहयोगी दाताहरुलाई सम्मान गरिएको हो ।

संगमको नयाँ कार्यसमिति चयनपछि वाचन, विमोचन, बहस, कार्यशाला लगायतका नियमित कार्यक्रम सञ्चालनका लागि दीगो अक्षयकोष बनाउन सकेमा संस्थाका गतिविधिले निरन्तरता पाउने हुँदा पहिलो चरणमा कूल ३ लाख ५३ हजार रुपैयाँ सहयोग गर्ने ५५ दाताहरु सम्मान गरिएको अध्यक्ष बर्तौलाले जानकारी दिए । बाँकी सर्जकहरुलाई दोस्रो चरणको कार्यक्रममा सम्मान गरिने तथा केही दाताहरुले नाम उल्लेख नगर्ने र सम्मान ग्रहण नगर्ने शर्तमा समेत सहयोग दिनुभएको उनले बताए ।

कार्यक्रममा प्रमुख अतिथि सिग्देलले साहित्य संगमको यो अभियानमा सम्बन्धित वडाको साहित्यिक, शैक्षिकलगायतका गतिविधि सञ्चालन र सञ्चारमा महत्वपूर्ण भूमिका खेलेका सबै साहित्यिक संस्थालाई आफ्नै कार्यक्रमकारुपमा अपनत्व लिँदै निरन्तर सरसहयोग र सहकार्य गर्दै आइरहेको स्मरण गराए । संगमको अभियानमा १० लाख रुपैयाँ पुर्‍याउने लक्ष्यमाथि नपुग रकम सहयोग गर्ने र कार्यक्रमलाई निरन्तरता दिलाउन सहयोग गर्ने वाचा गरे । उनले विभिन्न विद्यालयबाट सहभागी नवसर्जकलाई लेखनका लागि हौसला दिन र नयाँ नयाँ पाठकस्रोता बनाउनका लागि समेत सर्जकहरुसँग आह्वान गरे ।

कार्यक्रममा सहयोगी दाताहरु सुदर्शनप्रसाद अधिकारी, दिनेश भण्डारी, विनोद सुवेदी, अमुल श्रेष्ठ, डीबी बर्तौला, ठाकुरराम भण्डारी, सुभाषचन्द्र पौडेल, विश्वास क्षेत्री, दीपक गौतम, सुदीप बर्तौला, मनोज पोखरेल, उमा मैनाली, भानुभक्त आचार्य, रामहरि न्यौपाने, उमेश आचार्य, रामकृष्ण तिमल्सिना लगायत व्यक्तित्वहरु सम्मानित भए । साहित्य सर्जक तथा कार्यक्रमका विशिष्ट अतिथि तुलसी घिमिरेले साहित्य संगम सुरुवाती विविध प्रसङ्गका साथ आफ्नो कविता सुनाए ।

कार्यक्रममा बालजागृति ईङ्लिस सेकेण्डरी बोर्डिङ स्कुलका प्रिन्सिपल विनोद सुवेदी, सुदर्शनप्रसाद अधिकारीले मन्तव्य राखे । बालजागृति स्कुलका विद्यार्थीहरु सायुज्य देवकोटाले भजन शिरोमणि भक्तराज आचार्य तथा प्रसिद्धी लामिछानेले स्वरसम्राट नारायण गोपालको स्वरमा रहेको गीत गायन गरे । जसलाई संगीत प्रशिक्षक घनश्याम ढकाल र मनोज शाहीले सहजीकरण गरेका थिए ।

साहित्य सर्जकहरु सुवास सजल, रचना भण्डारी, रजनी पौडेल, कृतिका लौडारी, स्वस्तिका बानियाँ, इभानी रानाभाट, छवि अनित्य, किसन पौडेल, देवराज तिवारी, सुदर्शन अधिकारी, चेतप्रसाद पौडेल, विष्णु गौतम, ठाकुरराम भण्डारी, शोभा थापा, मिथिला अधिकारी, केशव न्यौपानेलगायतले विविध साहित्यक रचना गरे । कार्यक्रममा भावना सापकोटा, भवानी तिमल्सिना, श्रीराम तिमल्सिना, मुक्तिगोविन्द वैद्य, विनोद सुवेदी, दिनेश भण्डारी, राजकुमार लामिछाने, मधु ढुंगाना, ईन्द्र नेपाललगायतका साहित्य सर्जक, साहित्यसेवी, शिक्षक कर्मचारी आदिको उपस्थिति रहेको थियो ।

# नौलोबिहानी कृषि सहकारीको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/हेटौंडा उपमहानगपालिका-६ चौघडास्थित नौलोविहानी कृषि सहकारी संस्थाको १३ औं बार्षिक साधारणसभा सम्पन्न भएको छ । सहकारीको साधारण सभामा पत्रकारदेखि विभिन्न विधामा ८ जनालाई सम्मान गरिएको छ ।

साधारणसभामा पत्रकारमा प्रष्टखबरका वरिष्ठ संवाददाता सुनिल शिवाकोटी, उत्कृष्ट बचतकर्तामा अर्जुनप्रसाद चौलागाईं, उत्कृष्ट ऋणतर्फ राजकुमार दाहाल र सरिता सुब्बा, जेष्ठ सेयर सदस्यमा चिन्तामनी घिमिरे कृषक सेयर सदस्यमा भवानी राई, जीवन सापकोटा र व्यवस्थापक गोमा लामिछानेलाई सम्मान गरिएको थियो । हेटौंडा-६ का अध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यतामा भएको साधारणसभामा संस्थाका अध्यक्ष भरत सापकोटाले संस्थागत प्रतिवेदन, ऋण उपसमिति संयोजक डोरबहादुर अधिकारीले ऋण उपसमिति प्रतिवेदन, कोषाध्यक्ष देवेन्द्र श्रेष्ठले आर्थिक प्रतिवेदन र लेखा समिति संयोजक गोपालचन्द्र भट्टराईले लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा हेटौंडा-६ का वडासदस्य विजय पौडेल, हेटौंडा उपमहानगर सहकारी शाखाका प्रमुख हिमप्रसाद पौडेल, कामधेनु बहुद्देश्यीय सहकारी संस्थाका अध्यक्ष उदय विडारी, रानी सामुदायिक वनका उपाध्यक्ष केशव धिताल, जनकल्याण बचत तथा ऋण सहकारी संस्थाका सचिव रोमबहादुर न्यौपाने, पूर्वअध्यक्ष राजेन्द्र चौलागाईं, सचिव विष्णुप्रसाद ढुंगानालगायतले मन्तव्य व्यक्त गरेका थिए । साधारणसभाले ४ वर्षे कार्यकाल लागि नयाँ समिति चयन गर्नेछ ।

# सुन्दर सहकारीमा ऋण असुली कार्यदल गठन

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/हेटौंडा उपमहानगरपालिका-१, स्थित सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारण सभा भएको छ ।

शनिवार हेटौंडाकी मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यता तथा सहकारी अध्यक्ष शम्भु नकर्मीको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारण सभाले ऋण असुली विशेष कार्यदल गठन गरेको छ । सहकारीबाट ऋण लगेर नतिर्ने शेयर सदस्यसँग सहजीकरण गर्न कार्यदल गठन गरिएको सहकारीले जनाएको छ । शेयर सदस्य विष्णुलाल श्रेष्ठको संयोजकत्वमा ऋण असुली विशेष कार्यदल गठन गरिएको सहकारीका सचिव सुविन न्यौपानेले जानकारी दिएका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै हेटौंडा उपमहानगरकी मेयर लामाले बैंकको ऋण तिर्ने र सहकारीको ऋण नतिर्ने परिपाटी देखिएको भन्दै चासो व्यक्त गरिन् । उनले घरकै सहकारीलाई जोगाउन पर्नेमा ऋण लिएर तिर्न नखोज्नेहरुले गर्दा सहकारीलाई मर्का पर्नेतर्फ सबै सहकारीका शेयर सदस्यले ध्यान दिनुपर्ने उनको भनाई छ । 'सहकारी आफनै सम्पति हो । काम गर्न सहज हुन्छ । सहकारीप्रति शेयर सदस्यको दायित्व हुन्छ ।', मेयर लामाले भनिन् ।

उपमहानगरका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेलले बिनाधितो ऋण लगेर गएर ऋण तिर्दिन भन्नेहरुले दिवासपना नदेख्न चेतावनी दिए । ऋण नतिर्नेलाई उपमहानगरपालिकाले कानुनी दायरामा ल्याउने नीति बनाउने तयारी गरिरहेको पौडेलले बताए । अध्यक्ष नकर्मीले अध्यक्षको प्रतिवेदन, दिपक देवकोटाले कोषाध्यक्षको प्रतिवेदन, एसिस रिजालले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदनहरु साधारणसभाले पास गरेको सचिव न्यौपानेले बताए ।

सहकारीको गत आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्मको हिसाबमा शेयर सदस्यहरुसँग बाँकी ऋण ४ करोड ५ लाख ८० हजार ८ सय १७ रुपैयाँ छ । शेयर पुँजी १ करोड १२ लाख ४५ हजार ७ सय रुपैयाँ रहेको लेखा परीक्षणमा देखिन्छ । सहकारीसँग ४ करोड २५ लाख ७३ हजार ६ सय ३६ रुपैयाँ बचत निक्षेप रहेको छ । सहकारीले तिर्न बाँकी ऋण र सापटी शुन्य छ ।

# पार्किङ गरेको मोटर साइकलमा आगलागी



साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ हेटौंडाको मुख्य बजारमै मोटर साइकलमा आगलागी भएको छ । शनिबार दिउँसो १ बजेको समयमा हेटौंडाको बुद्धचोकमा पार्किङ गरिराखेको मोटरसाइकलमा अचानक आगलागी भई पूर्ण क्षति भएको हो ।

हेटौंडा-१० बुद्धचोक निवासी शिशिर रायमाझीको ना ४९ प ९७१२ नम्बरको मोटर साइकलमा अचानक आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले बताए । आगलागी पश्चात प्रहरी र दमकलको सहायतामा आगो नियन्त्रणमा लिइएको थियो । तर, आगलागीबाट मोटरसाइकल पूर्ण रुपमा जलेर क्षति भएको प्रवक्ता भण्डारीले बताए ।

# सव डिभिजनमा योजना तर्जुमा गोष्ठी

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/सव डिभिजन वन कार्यालय, हेटौंडाको आयोजनामा रातोमाटेमा एकदिने सहभागितामूलक योजना तर्जुमा गोष्ठीको आयोजना गरिएको हो । सामुदायिक वनले गर्ने विभिन्न कार्यक्रम कसरी तयार गर्ने भन्ने विषयमा जानकारी दिन गोष्ठीको आयोजना गरिएको हो ।



गोष्ठीमा योजना बनाउने तरीका, बजेट बाडफाँड, विभिन्न निकायमा सहयोग माग गर्ने विधि, प्रक्रियाको बारेमा जानकारी गराइएको थियो । गोष्ठीमा सवडिभिजन वन कार्यालय, हेटौंडाकी वन अधिकृत सविना रिजाल, आश्मा सुवेदी, फरेष्टर यदुकुमार घिमिरे र रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेलले सहजीकरण गरेका थिए ।

कार्यक्रममा सवडिभिजन वन कार्यालय हेटौंडाबाट सवडिभिजन वन कार्यालय, फापरबारीमा सरुवा भएका रामचन्द्र श्रेष्ठलाई बिदाई गरिएको थियो । यसैगरी सवडिभिजन वन कार्यालय हर्नामाडीबाट हेटौंडामा सरुवा भई आएकी सविना रिजाललाई स्वागत गरिएको थियो । गोष्ठीमा सवडिभिजन वन कार्यालय, हेटौंडा अन्तरगत रहेका विभिन्न सामुदायिक वनका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# ब्राह्मण समाज नेपाल बाराले केन्द्रीय पार्षद छनोट

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ ब्राह्मण समाज नेपाल बाराले केन्द्रीय पार्षद छनोट गरेका छन् । ब्राह्मण समाज बाराका निमित्त संयोजक अखिलेशकुमार पाण्डेको सभापतित्वमा शनिबार बसेको बैठकले केन्द्रीय अधिवेशनका लागि बारा जिल्लाबाट ५ जना पार्षद् छनोट गरेको हो ।



ब्राह्मण समाजको केन्द्रीय अधिवेशन पुस २१-२३ गते दाङको घोराहीमा हुने भएकाले अधिवेशनमा भाग लिन ब्राह्मण समाज बाराले बृजेशकुमार पाण्डेय, कार्तिकदेव पाण्डेय, राजेश तिवारी, बिजयकिशोर पाण्डेय र ब्रह्माकान्त पाण्डेयलाई सर्वसम्मतिबाट चयन गरेको महागढीमाई नगरपालिकाका ब्राह्मण समाज नेपालका नगर अध्यक्ष रामायण तिवारीले बताए ।

यसैगरी जिल्ला अधिवेशन गराउन पटकपटक संयोजक तोकिए पनि समयमा अधिवेशन हुन नसकेपछि, तत्काल पुरानै समितिलाई अधिवेशन गराउन दवाव सृर्जना गर्ने, गराउने र जिल्लाका १५ वटा पालिकामा नगरकमिटी, गाउँ कमिटी गठन गर्ने वातावरण सृर्जना गर्ने बैठकबाट सहमति भएको हरिकृष्ण तिवारीले जानकारी दिए । यसैगरी महागढीमाई नगरपालिकामा सम्पन्न भईसकेको नगरकमिटीलाई बैधानिकता दिने भेलाबाट सहमति भएको उनले बताए ।

भेलामा मुक्तिनाथ तिवारी, प्रेमलाल पाण्डे, अखिलेश पाण्डे, बिजयकिशोर पाण्डे, देवानन्द पाण्डे, ज्ञानसागर पाण्डे, बेदप्रकाश पाण्डे, संजय तिवारी, शम्भु शुक्ला, ओमप्रकाश उपाध्याय, मोहन पाण्डे, चन्द्रकिशोर पाण्डे र शिवशंकर मिश्रा लगायतको सहभागिता रहेको थियो ।

# बाल सञ्जालद्वारा विपन्न विद्यार्थीलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/देशकै पहिलो बालमैत्री गाउँपालिका मनहरी गाउँपालिकाको बालसञ्जालले देउसीभैलोबाट संकलित रकम विपन्न विद्यार्थीलाई सहयोग गरेको छ ।

शनिबार मनहरी गाउँपालिका-३ को बालसञ्जालले गएको तिहारमा देउसीभैलोबाट उठेको रकम विपन्न विद्यार्थीलाई सहयोग गरेको हो । बालसञ्जाल मनहरीका सदस्य लिलामाया तामाङको नेतृत्वमा गत तिहारमा ३ नं वडाका बालसञ्जालको समूहले देउसीभैलो कार्यक्रम आयोजना गरेको थियो ।

संकलित १५ हजार रुपैयाँ बराबरको रकमबाट वडा बाल सञ्जालले ६ जना विद्यार्थीलाई १ जोर न्यानो कपडा, कापी/कलम लगायत स्टेशनरी सामग्री हस्तान्तरण गरेको हो ।

# पर्सामा पनि बुढ्यौली साहित्य समाज

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/पर्सा जिल्लामा पनि बुढ्यौली साहित्य समाज तदर्थ समिति गठन भएको छ । शनिबारभएको भेलाले समितिको संयोजकमा सरिता अर्याल रहेका छिन् भने सदस्यमा सीता शर्मा पन्थी, आमोदप्रसाद गुप्ता, हरिकृष्ण बराल तथा प्रमोदप्रसाद पाण्डेय रहेका छन् ।



अप्सरा पुडासैनी, अस्मिता पटेल तथा प्रदीप धनञ्जयले नेपाली, भोजपुरी तथा हिन्दी भाषामा रचनावाचन गर्नुभएको कार्यक्रममा रमेशमोहन अधिकारी, विनयराज गौतम तथा शारदा दाहालले मन्तव्य व्यक्त गरेका थियो । कार्यक्रमको सञ्चालन सीता शर्माले, स्वागत प्रमोद हेरम्बले, प्रमुख आतिथ्य बुढ्यौली साहित्य समाज मधेस प्रदेश अध्यक्ष लम्बोदर काफ्लेले र सभाध्यक्षता साहित्यकार जगदीश शर्माले गरेका थिए । कार्यक्रम ज्येष्ठ नागरिक संघको कार्यालय वीरगन्जमा भएको थियो । गठित तदर्थ समितिले केही समयभित्रै भेला डाकेर नयाँ समिति चयन गर्नेछ ।

# प्रदेशप्रमुख शर्माद्वारा तमु ल्होछारको शुभकामना



साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले आइतबार मनाइँदै गरेको गुरुङ जातिको महत्वपूर्ण पर्व तमु ल्होछारका सन्दर्भमा शुभकामना व्यक्त गरेका छन् ।

हरेकवर्ष पुस १५ मा तमु अर्थात् गुरुङ जातिले हर्षोल्लासपूर्ण वातावरणमा तमु ल्होछार मनाइँदैछ । यस अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका यस समुदायका दाजुभाइ-दिदिबहिनी तथा समस्त नेपालीहरुमा सुख, शान्ति र समृद्धिका लागि प्रमुख शर्माले शुभकामना व्यक्त गरेका हुन् ।

प्रमुख शर्माले गुरुङ समुदायले ल्होछारलाई तिब्बती पात्रो अनुसार नयाँ वर्षका रुपमा धुमधामका साथ मनाउने उल्लेख गर्दै यस दिनबाट चालु वर्षको अन्त्य र नयाँ वर्षको सुरुआत भएको मानिने बताए । 'यो समुदायमा आजबाट बिरालो वर्गको सम्वत्सर समाप्त भई गरुड वर्गको आगमन भएको मानिन्छ ।', प्रदेशप्रमुख शर्माको शुभकामना सन्देशमा उल्लेख छ ।

# टिपरको ठक्करबाट दुईजना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बामगती गाउँपालिकामा टिपरले मोटर लाइकललाई ठक्कर दिँदा दुईजना घाइते भएका छन् ।

सिन्धुलीबाट हेटौंडातर्फ आउँदै गरेको ग १ क ६००७ नम्बरको ट्रिपरले बा.प्रदेश ०२-०४०प ५७५३ नम्बरको मोटर साइकललाई ठक्कर दिएको हो ।

टिपरको ठक्करबाट मोटरसाइकलका चालक भक्तपुर चागुनारायण नगरपालिका-९ बस्ने ४७ बर्षीय सरोज थापा र उनकै श्रीमती ४५ बर्षीया भारती थापा घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरीका अनुसार दुर्घटनामा घाइतेको उद्धार गरी बागमती गाउँपालिका-४ झुरझुरेस्थित सानवी मेडिकलमा पठाइएको थियो । दुर्घटना लगतै ट्रिपर र चालक फरार रहेका थिए ।

खोजतलास गर्दै जाने क्रममा ट्रिपरलाई बागमती गाउँपालिका-७ लामिटारस्थित ट्रिपर धनी ल्वाङ लामाको घरमा पार्किङ गरी राखेको स्थानबाट नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

# राष्ट्रियसभा उम्मेदवार छान्न कांग्रेसले बनायो मापदण्ड

काठमाडौं, १४ पुस/ नेपाली कांग्रेसले राष्ट्रिय सभा सदस्यको उम्मेदवार चयनका लागि मापदण्ड बनाएको छ ।

बिहीबार सुरु भएर शनिबार सकिएको केन्द्रीय कार्यसमितिको बैठकले अहिलेसम्म अवसर नपाएका, पार्टीमा लामो समयसम्म काम गरेका तर पटक पटक छुटेका व्यक्ति, समुदाय तथा भुगोललाई प्राथमिकता दिने गरी मापदण्ड बनउने निर्णय गरेको नेता मीनबहादुर विश्वकर्माले जानकारी दिए ।

'बैठकले मुख्य नौ वटा निर्णय गरेको छ । यसमा समसामयिक राजनीतिक विषयमा राष्ट्रिय सभाको उम्मेदवार कस्तो व्यक्तिलाई छनोट गर्ने भन्ने एउटा निश्चित मापदण्ड तोकेको छ । अहिलेसम्म अवसर नपाएका, पार्टीमा लामो समयसम्म काम गरेका तर पटक पटक छुटेका व्यक्ति, समुदाय र भुगोललाई समेट्ने गरी प्राथमिकता दिने निर्णय छ' उनले भने ।



बैठकले पार्टीको महासमिति बैठक फागुन ७ देखि १० गतेसम्म गर्ने भनी यसअघि कार्यसम्पादन समितिले गरेको निर्णय पनि अनुमोदन गरेको छ । त्यस्तै माघ ७ देखि २२ गतेसम्म समुदायमा कांग्रेस कार्यक्रम सञ्चालन गर्ने, जाजरकोट र रुकुम पश्चिममा भूकम्प पीडितका लागि अस्थायी आवास बनाउन खटिने कनेता कार्यकर्तालाई धन्यवाद दिने निर्णय पनि गरेको नेता विश्वकर्माले बताए ।

कांग्रेसले शुक्रबार ललितपुरको बालकुमारीमा दुई युवकको ज्यान जाने गरी भएको घटनाको सत्य तथ्य छानबिन गर्न र मृतक परिवारलाई राहत तथा घाइतेको उपचार गर्न सरकारसँग माग गरेको छ ।

'कसको पक्षबाट कमजोरी भएको हो, सरकारले गठन गरेको समितिबाट सत्यतथ्य छानबिन गरी मृतक परिवारलाई क्षतिपूर्ति दिनेकुरा, घाइतेहरुको उपचार र परिवारजनमा परेको जुन क्षति छ त्यसमा राज्यको तर्फबाट विशेष निर्णय गर्नका लागि माग गरेको छ', नेता विश्वकर्माले भने । कांग्रेसले केन्द्रीय समितिको निर्णय आइतबार पत्रकार सम्मेलन गरी सार्वजनिक गर्ने बताएको छ ।

# धनगढीलाई हराउँदै ललितपुरले जित्यो नेपाल सुपर लिगको उपाधि



काठमाडौं, १४ पुस/ नेपाल सुपर लिग (एनएसएल) को उपाधि ललितपुर सिटी एफसीले जितेको छ । शनिबार काठमाडौंको दशरथ रंगशालामा भएको फाइनल खेलमा धनगढी एफसीलाई ३-२ ले पराजित गर्दै ललितपुरले उपाधि जितेको हो । उपाधिसँगै ललितपुरले ७० लाख रुपैयाँ पाएको छ ।

गत सिजनमा उपविजेता बनेको धनगढी एफसी यस पटक पनि उपविजेतामा नै सीमित हुँदै २० लाख रुपैयाँ पाएको छ । खेलमा ३७ औं मिनेटमा धनगढीका आफिज ओलावालेले गोल गरेर अग्रता दिलाए पनि त्यसपछि लगातार तीन गोल खायो । खेलको अन्तिम समयमा धनगढीका अहमद हिजाजीले गोल गर पनि जितका लागि पर्याप्त भएन ।

ललितपुरका लागि पहिलो हाफको अन्तिम समयमा इमोह इजेकेल, ५० औं मिनेटमा दिनेश हेमजन र ५८ औं मिनेटमा पनि इमोह इजेकेलले गोल गरे ।

प्रतियोगितामा फेयर प्लेको उपाधि वीरगञ्ज युनाइटेडले पाएको छ । त्यस्तै उदीयमान खेलाडीको उपाधि धनगढीका रोहन कार्कीले पाएका छन् । सर्वोत्कृष्ट गोलकिपरको ललितपुरका जेफ्री विली मार्सल बाल्टुस घोषित भएका छन् । कार्की र जेफ्रीले जनही एक लाख रुपैयाँ पाएका छन् ।

प्रतियोगिताको सर्वाधिक गोलकर्ता ललितपुर सिटी एफसीका इमोह इजेकेल बनेका छन् । ६ गोल गरेका उनले गोल्डेन बुटसँगै एक लाख रुपैयाँ पाएका छन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी ललितपुरका अनन्त तामाङ बनेका छन् । उनले गोल्डेन बलसँगै २ लाख रुपैयाँ पाएका छन् ।

# पुस्तक तथा स्टेसनरी ब्यवसायी संघको नेतृतत्वमा नेपाल

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ मकवानपुर पुस्तक तथा स्टेसनरी व्यवसायी संघको अध्यक्षमा पुस्कल नेपाल सर्वसम्मत चयन भएका छन् । नेपाल विद्यार्थी पुस्तक पसलका संचालक हुन् । शनिबार भएको संघको प्रथम वार्षिक साधारणसभा तथा अधिवेशनबाट नेपालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो ।

संघको प्रथम उपाध्यक्षमा केशबप्रसाद मुडभरी, द्वितीय उपाध्यक्षमा भोजराज पराजुली, सचिवमा अमिर चौलागाईं र कोषाध्यक्षमा अमृत तुमसिङमगर र सहसचिवमा अर्चना कार्की चयन भएका छन् । यसैगरी सदस्यमा रोशन खनाल, मिलन अधिकारी र केशव हुमागाई चयन भएका छन् ।

मकवानपुर पुस्तक तथा स्टेसनरी व्यवसायी संघका अध्यक्ष विज्ञान रिमालको अध्यक्षतामा भएको कार्यक्रममा पुस्तक तथा स्टेसनरी व्यवसायी संघका केन्द्रीय सदस्य किरणबाबु न्यौपानेको प्रमुख आतिथ्यता रहेको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

PrinterShop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बबिता र प्रदीपको दोहोरीमा नाचे दर्शक

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/चर्चित लोकगायिका बबिता बानियाँ जेरी र लोकगायक प्रदीप रोक्काले हेटौंडामा लाइभ दोहोरी प्रश्तुत गरेका छन् ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा हेटौंडाको टिसिएनचौरमा जारी महोत्सवअन्तर्गत शनिबार उनीहरुको प्रस्तुती रहेको थियो । लोकगायनको क्षेत्रमा चर्चित यी जोडीको प्रस्तुतीमा दर्शकले नाचेर साथ दिएका थिए । अन्य दिनको तुलनामा शनिबार दर्शकको बाक्लो उपस्थिति थियो । शनिबारै चर्चित गायिका रचना रिमाल, कमल के क्षेत्री र सुमन नेपाली ब्याण्डको लाइभ प्रस्तुती रहेको थियो ।



गायिका रिमालले आफ्ना निकै चर्चित गीतहरु प्रस्तुत गरेकी थिइन् । १७ गतेसम्म सञ्चालन हुने महोत्सवमा दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारले सांगीतिक प्रस्तुती दिइरहेका छन् । महोत्सवमा आइतबार गायिका राधिका हमाल, गायक उर्गेन दोङ, कमल खत्री, एन्जिला रेग्मी र द शिल्ड ब्याण्डको प्रस्तुती रहने छ । महोत्सवमा राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरीय गरी १३ वटा विधामा खेल समेत भइरहेको छ ।

महोत्सव आयोजक समितिका संयोजक समेत रहेका मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्कीले खेलकुद क्षेत्रको विकासका लागि आयोजित महोत्सव सफलतापूर्वक सञ्चालन भैरहेको जानकारी दिए । महोत्सवमा करिब २६० वटा स्टल रहेको छ । महोत्सवमा कृषि, पर्यटन, हस्तकला, अटोमोबाइलका साथै बालउद्यान रहेको छ । वर्षभर विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्नका लागि रकमको जोहो गर्ने उद्देश्यले औद्योगिक शान्ति नेपाल संस्थासँगको सहकार्यमा महोत्सव आयोजना गरिएको उनले बताए ।

महोत्सवमा खेलकुद अन्तर्गत राष्ट्रिय महिला भलिबल प्रतियोगिता जारी रहेको छ । १६ गतेसम्म सञ्चालन हुने भलिबलको विजेताले २ लाख, उपविजेताले १ लाख, सेमिफाइनलमा पराजित हुने दुई टोलीले नगद ५०/५० हजार सहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछ । सर्वोत्कृष्ट खेलाडीले १५ हजार तथा विधागत उत्कृष्ट खेलाडीले जनही ५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ ।

# निःशुल्क स्वास्थ्य शिविरमा एकसय बढीको परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/हेटौंडा उपमहानगरपालिका-११ सिमलटारमा निःशुल्क स्वास्थ्य शिविर भएको छ । ऋतमभरा वैकल्पिक स्वास्थ्य प्रतिष्ठानद्वारा सञ्चालित पुनर्नवा अस्पतालको आयोजनामा स्वास्थ्य शिविर गरिएको हो ।

शिविरमा हाडजोर्नी दुख्ने नसासम्बन्धी विभिन्न रोगहरु, प्रेसर, सुगर, थाइराइड जस्ता विभिन्न रोगहरुको परीक्षण गरिएको हो । स्वास्थ्य शिविरमा महिला तथा पुरुष करिव १ सय २० जनाले स्वास्थ्यउपचार गराएका थिए । अस्पतालका संयोजक मनोजकुमार सुवेदीको सभाध्यक्षतामा भएको स्वास्थ्य शिविरमा सिमलटार टोल विकास संस्थाका अध्यक्ष सूर्यमान लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

प्राकृतिक डा.प्रभाकर दुवे, थेरापी डा.एलिसा पौडेल लगायतका टिमले स्वास्थ जाच गराएका थिए ।

कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष लालित बस्नेत, संचालक ध्रुवबहादुर भुजेल, पातन्जली योग समितिका केन्द्रीय सदस्य यादव गजुरेल लगायतको उपस्थितिमा शिविर भएको हो ।

हेटौंडा उपमहानगर पालिकाको सहयोगमा भएको शिविर संचालनमा सिमलटार टोल विकास संस्थाका पूर्वसदस्य सुन्दरलाल श्रेष्ठले संयोजन गरेका थिए ।

# हेटौंडा जेसीजमा श्रेष्ठ निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/हेटौंडा जेसीज वर्ष २०२४ को लागि नयाँ कार्यसमिति चयन गर्न शनिबार भएको निर्वाचनमा बिकेशलाल श्रेष्ठ निर्वाचित भएका छन् ।

श्रेष्ठले ८६ मत प्राप्त गरी बिजेता बन्दा निकटतम प्रतिद्वन्द्वी अमृत बर्तौलाले ८१ मत प्राप्त गरेका छन् ।

कूल १७६ जना मतदातामध्ये १६७ जना मतदान प्रक्रियामा सहभागी भएका थिए । वर्ष २०२३ का कार्यकारिणी उपाध्यक्षद्वय श्रेष्ठ र बर्तौलाले वर्ष २०२४ को अध्यक्ष पदका लागि प्रतिस्पर्धामा उत्रिएका थिए । २०२४ का लागि कार्यकारिणी उपाध्यक्ष पदमा विवेकानन्द न्यौपाने (१०३ मत), जीवन ढकाल (८६ मत) सहित बिजयी भएका छन् । त्यस्तै उपाध्यक्ष पदमा आतिष दाहाल (१५३ मत), रमेश काफ्ले (१४८ मत) रमेश पराजुली (१०२ मत), विश्वास पराजुली (९७ मत) बिजयी भएका छन् ।

निर्वाचनबाट अध्यक्ष, कार्यकारिणी उपाध्यक्ष २ जना र उपाध्यक्ष ४ जना गरी जम्मा ७ जना निर्वाचित भएको निर्वाचन अधिकृत पवन कंशाकारले जानकारी दिए ।

# वाइसीएल हेटौंडा उपमहानगरको नेतृत्वमा उप्रेती

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/योङ कम्युनिष्ट लिग (वाइसीएल) हेटौंडा उपमहानगर कमिटीको दोश्रो नगरसम्मेलन शनिबार हेटौंडा सम्पन्न भएको छ । सम्मेलनले मदन उप्रेतीको अध्यक्षतामा ३९ सदस्यीय नगरकमिटी सर्वसम्मत् चयन गरेको छ ।

कमिटीको उपाध्यक्षमा निलाम्वर सापकोटा, विकास अधिकारी, सचिवमा रोयल बानियाँ, सहसचिव दिवश लामा, समन गौतम, कोषाध्यक्ष हीरा पुलामी चयन भएका छन् ।

यस्तै, सदस्यहरुमा समर न्यौपाने, लक्ष्मण छतकुली, सन्तबहादुर थापा, रोहित गुरुङ, हस्तबहादुर माफी, विकल गुरुङलगायत ३९ सदस्यीय वाइसीएल हेटौंडा उपमहानगर कमिटी चयन भएको छ ।


वाइसीएल केन्द्रीय महासचिव गणेश शाहीको प्रमुख आतिथ्यतामा भएको सम्मेलनमा नेकपा माओवादी केन्द्र बागमती प्रदेश कमिटी उपाध्यक्ष तथा प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, विशेष प्रदेश कमिटी उपाध्यक्ष प्रकाशचन्द्र पाण्डे, बागमती प्रदेश कमिटी सदस्य तथा जिल्ला समन्वय समिति अध्यक्ष ललित घलान, जिल्ला समन्वय समिति संयोजक एबम् बागमती गाउँपालिका अध्यक्ष शर्केश घलान, वाइसीएल मकवानपुर संयोजक लबराज ठकुरीलगायतको आतिथ्यता रहेको थियो ।

# हेटौंडाबाट स्वर्ण जितेर घर नपुग्दै नीताको दुर्घटनामा मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/प्रथम अन्तरप्रदेशस्तरीय राष्ट्रिय उसु प्रतियोगितामा प्रदेशलाई स्वर्णपदक जिताएकी धनगढी उपमहानगर पालिका-१२ जुगेडाकी १८ वर्षीया नीता खड्काको दुर्घटनामा मृत्यु भएको छ ।

५२ किलो तौलमा प्रदेशलाई स्वर्ण दिलाएकी खड्काले आफ्नो जितको खुशी घर, परिवार र साथीभाइसँग साट्न पनि पाइनन् । बागमती प्रदेशको राजधानी हेटौंडामा जारी खेलकुद महोत्सवमा मकवानपुर उसु संघले आयोजना गरेको राष्ट्रिय उसु प्रतियोगितामा अभूतपूर्ण सफलता हात पारेको सुदूरपश्चिममा एक स्वर्ण नीताले पनि जोडेकी थिइन् । मंगलवार र बुधवार सम्पन्न प्रतियोगितामा सुदूरपश्चिमले २२ स्वर्ण, २२ रजत र ३६ कास्य गरी जम्मा ५२ पदकमा १४ स्वर्ण, २ रजत र ४ कास्यमाा जम्मा २० पदक प्राप्त गरेको थियो ।



खेलाडीहरुले दिलाएको ऐतिहासिक समयमा उत्साहितको खुसी धेरै समय टिक्न सकेन । कपिलवस्तुको चन्द्रौटाबाट करिब १५ किमि पश्चिमस्थित चोरखोलामा राति एकबजे खेलाडी सवार बसलाई ट्रकले ठक्कर दिँदा स्वर्ण पदक विजेता निताको मृत्यु भएको हो । ट्रकको ठक्करबाट घाइते भएकी खड्कालाई उपचारका लागि तत्काल बुटवलस्थित लुम्बिनी प्रदेश अस्पताल लगिएको थियो । जहाँ उनलाई चिकित्सकले मृत घोषणा गरे ।

'स्वर्ण पदक जितेको खुसी परिवारसँग बाँड्ने खड्काको सपना अधुरो रह्यो ।', नेपाल खेलकुद महासंघ सुदूरपश्चिम अध्यक्ष प्रकाशकुमार चन्दले भने । दुर्घटनामा एक होनहार र अनुशासित खेलाडी गुमाउनु परेको भन्दै सिंगो प्रदेश स्तब्ध बनेको चन्दले बताए ।

नीताले प्रदेशका लागि मात्रै नभई देशका लागि पनि उसुमा स्वर्ण जित्ने अपेक्षा गरिएको थियो । तर, उनले निधनले एक कुशल खेलाडी गुमेको चन्दले बताए । दुर्घटनामा अन्य ११ जना घाइते भएका छन् ।

दुर्घटनामा खेलाडीहरु पुष्पा कुवर, सपना तामाङ, सृजना बिसी, मुकेश कार्की, अस्मिता गाहामगर, अभी महतो, हरिचन्द्र कार्की, दीपक चौधरी र ज्ञानु विक घाइते भएका छन् । त्यस्तै निर्णायकहरु खुसीराम चौधरी, राजीव गुप्ता र एलिसा खाती पनि घाइते भएका छन् ।


हार्दिक बधाई तथा शुभकामना



जेसीआई हेटौंडा वर्ष २०२४ को लागि अध्यक्ष पदमा निर्वाचित प्रिय दाई **विकेशलाल श्रेष्ठ**लाई हार्दिक बधाई एवम् कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**निर्मल गोले (च्याङ्बा), प्रोप्राइटर**
**एवम्**
**टोनर हाउस परिवार**
हेटौंडा-४, स्कूलरोड



*भुटनदेवी अल्मुनाई एशोसिएसन (पूर्व विद्याथीहरुको संस्था)को*

**साधरणसभा सम्बन्धी सूचना**

यस एसोसिएसनको १८ औं वार्षिक साधरण सभा एवम् मित्र मिलन कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरुलाई अनिवार्य उपस्थीतिको लागि हार्दिक निमन्त्रणा गर्दछौ।

***कार्यक्रम विवरण***
मिति:२०८० साल पौष २८ गते शनिबार
समय: विहान ९ वजे
स्थान: शहिद लखन थापा स्मृती बाटिका, हेटौंडा-१२
सहभागिता शुल्क :रु १०००।-(प्रति व्यक्ति)

***थप जानकारीको लागि***
१. श्री गणेश कुमार श्रेष्ठ-९८५५०६९२२९
२. श्री विजेन्द्र अग्रवाल-९८४१४४५२२६
३. श्री सुरेश कुमार श्रेष्ठ-९८४५०५७२५०
४. श्री प्रेम लाल श्रेष्ठ-९८५५०७१२८०
५. श्री नरेन्द्र श्रेष्ठ -९८४५०२२८९९
६. श्री प्रद्युम्न उपाध्याय-९८५५०७१६९७
७. श्री अनिल खड्गी-९८४९९३७४६१
८. श्री राजेन्द्र पोखेल-९८४५०२५५४०
९. श्री ध्रुवराज शर्मा-९८४५१०६१२३
१०. श्री सुदर्शन ढकाल-९८५५०७२७०८
११. श्री उध्दव भट्टराई-९८५११७०३८३

चन्द्र बहादुर थापा (अध्यक्ष)
९८५१०५८३९२

**भुटनदेवी अल्मुनाई एशोसिएसन, परिवार**
हेटौंडा-४ मकवानपुर



**हेटौंडामै उत्पादित**

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
**हेटौंडा-४, मकवानपुर**
**९८४५२६२५२२, ९८५५०७२६२३**



हार्दिक बधाई तथा शुभकामना



हेटौंडा जेसीज वर्ष २०२४ को लागि अध्यक्ष पदमा यस प्रा.लि.का शुभचिन्तक **श्री विकेशलाल श्रेष्ठ**, कार्यकारिणी उपाध्यक्षद्वय **विवेक न्यौपाने** र **जीवन ढकाल** तथा उपाध्यक्षहरुमा **आतिष दाहाल, रमेश काफ्ले, रमेश पराजुली** र **विश्वास पराजुली** निर्वाचित हुनुभएकोमा हार्दिक बधाई दिँदै कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

प्रकाश पुरी (अध्यक्ष)
प्रदिप कँडेल (कार्यकारी निर्देशक)
गोकुल बहादुर अधिकारी (व्यवस्थापक)

*एवम्*

**दियालो फोर्स सेक्युरिटी प्रा.लि.**
सिनामंगल, काठमाडौं, परिवार


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना